नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# विद्यालय शिक्षक किताबखाना
म्यूजियम मार्ग, छाउनी, काठमाडौं ।

फोन नं.:- -४६७२८२३
-४२८३०२३
फ्याक्स:- ४२८४९००

प.सं.
च.न. ९३६८६

मिति:-२०७६।०३।१२

विषय:- शिक्षकले सम्पत्ति विवरण बुझाउने सम्वन्धमा ।

श्री शिक्षा विकास तथा समन्वय इकाइ
७७ जिल्ला ।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० तथा अख्तियार दुरुपयोग अनुसन्धान ऐन, २०४८ को दफा ३१ (क) अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले पहिलो पटक नियुक्त भएकोमा नियुक्ति पाएको ६० दिन भित्र र सबै विद्यालय शिक्षक कर्मचारीले आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र आफ्नो वा आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक सम्पत्ति विवरण पेश गर्नुपर्ने कानुनी प्रावधान भएकोले आ.व ०७५/७६ को त्यस जिल्ला अन्तर्गत रहेका शिक्षक कर्मचारीहरुको सम्पत्ति विवरण देहाय अनुसार खामको बाहिर लेखी दाखिला गर्नु /गराउन हुन अनुरोध छ ।

| | |
|---|---|
| शिक्षकको नामथर : | संकेत (सिटरोल)नं. : |
| तह: | जिल्ला : |
| श्रेणी : | मोवाइल नं. : |
| कार्यरत विद्यालय र ठेगाना : | इमेल ठेगाना : |

१.सम्पत्ति विवरण फाराम यस कार्यालयको website www.stro.gov.np मा उपलव्ध छ ।

२.**अस्थायी, राहत, करार , उ.मा.वि.मा अनुदान प्राप्त शिक्षक , वा.वि.के. सहयोगी कार्यकर्ता आदिको सम्पति विवरण जिल्ला शिक्षा कार्यलयमा नै बुझी संकलन गर्ने भन्ने शिक्षा मन्त्रालयको मिति २०७२/२/१७ मा सचिवस्तरीय निर्णय भएकोले हाल लाई शिक्षा, विकास तथा समन्वय इकाइले नै सोही अनुसार व्यवस्थापन गर्ने गराउने ।**

३.पूर्ण विवरण भरी सिलबन्दी गरेको सम्पत्ति विवरण रहेको खाम यस आर्थिक वर्षको लागि २०७६।०५।२८ गते सम्म विद्यालय शिक्षक किताबखानामा दाखिला गरी सक्नुपर्नेछ । शिक्षा विकास तथा समन्वय इकाइले जम्मा गरी वा सम्वन्धितले हुलाक तथा कुरिएर मार्फत पठाइएको सम्पत्ति विवरण तोएिको अवधि २०७६ भाद्र २८ गते भित्र अनिवार्य रुपमा यस किताबखानामा आई पुग्नु पर्नेछ । सम्पत्ति विवरण बुझाउने अन्तिम दिन सार्वजनिक विदा परे सम्पत्ति विवरण दर्ता गर्ने प्रयोजन लागि यस किताबखाना खुल्ला रहनेछ । संकेत नं. नमिलेको, तोकिएको मिति भन्दा पछि प्राप्त भएको सम्पत्ति विवरण दर्ता गरिने छैन ।

४.अध्ययन विदा, असाधारण विदा र अन्य बिदा, लामो काज वा निलम्बनमा रहेका शिक्षकको सार्वजनिक पद धारणा गरेकै अवस्था हुने भएकोले म्याद भित्र सम्पत्ति विवरण बुझाउने दायित्व शिक्षकको हुनेछ ।

५.आ.व.०७५।०७६ भित्र (अर्थात २०७५ श्रावण १ देखि २०७६ आषाढ मसान्त सम्म) सेवा निवृत्त भएको शिक्षकले समेत उपर्युक्त अनुसार सम्पत्ति विवरण बुझाउनु पर्नेछ ।

२०७६।३।१२
(दिनेशकुमार श्रेष्ठ)
का.मु.महानिर्देशक

**वोधार्थ :**
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरवार, काठमाडौं ।
श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी, भक्तपुर ।